(सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५(३) तथा सुचनाको हक सम्बन्धि नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको)

# २०८० माघ १ गते देखि चैत्र मसान्तसम्ममा सम्पादित प्रमुख कृयाकलापहरु (स्वतः प्रकाशन) को विवरण

नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय
सिंहदरबार, काठमाडौं।

१. पृष्ठभूमि :.......... 1

२. मन्त्रालयको कार्य विभाजन :.......... 1

३. मन्त्रालयको संगठनात्मक संरचना :.......... 3

४.सचिवालय,महाशाखा,जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बर :.......... 4

५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु :.......... 4

६.मन्त्रालय सम्बद्धराष्ट्रिय गौरवका आयोजनाहरु :.......... 5

७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :.......... 5

८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :.......... 5

९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :.......... 5

१०. सूचना अधिकारी प्रवक्ता र प्रमुखको नाम पद.......... 6

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :.......... 6

१२. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण :.......... 8

## १. पृष्ठभूमि :

विकासको मेरुदण्डको रुपमा रहेको उर्जा,जलश्रोत तथा सिंचाइ क्षेत्रलाई समायोजित तरिकाले द्रुत विकास गरी देशको सामाजिक-आर्थिक रुपान्तरण गर्ने एक प्रमुख साधनको रुपमा नेपालको जलश्रोतको दिगो उपयोग गर्दै उर्जा तथा सिंचाई क्षेत्रमा महत्वपूर्ण उपलव्धीहरु हासिल गर्ने, सम्पूर्ण खेतीयोग्य जमिनमा सिंचाइ सुविधा पुर्याउने, उर्जा संकटलाई न्यूनिकरण गर्ने,निराकरण गर्ने र विद्युत उर्जालाई देशको मुख्य उर्जाको रुपमा अगाडी बढाउने सोचका साथ उर्जा ,जलश्रोत तथा सिंचाइ क्षेत्रसँग सम्बन्धित सम्पूर्ण गतिविधिहरुको व्यवस्थापन गर्ने मुख्य दायित्व उर्जा,जलश्रोत तथा सिँचाइ मन्त्रालयको रहेको छ । नेपाल सरकारको कार्य विभाजन नियमावली २०७४ अनुसार साविकको उर्जा मन्त्रालय र सिंचाई मन्त्रालय तथा सो मातहतका निकायहरुका साथै साविकको वातावरण मन्त्रालय अन्तर्गत रहेका वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र र जल तथा मौसम विज्ञान विभाग समेत समावेश गरी उर्जा,जलश्रोत तथा सिंचाई मन्त्रालय गठन भएको छ ।

## २. मन्त्रालयको कार्य विभाजन :


उर्जा, जलश्रोत तथा सिंचाइ मन्त्रालयबाट सम्पादन हुने कार्यहरु देहाय बमोजिम रहेका छन ।

१. जलश्रोत र उर्जाको दिगो विकास,संरक्षण,उपयोग र पानीको बाँडफाँडसम्बन्धी नीति,कानुन, मापदण्ड र नियमन ,
२. जलश्रोत र उर्जा पूर्वाधार संरचना निर्माणसम्बन्धी एकीकृत नीति,कानुन,मापदण्ड र नियमन
३. सिंचाइसम्बन्धी एकीकृत नीति,कानुन,मापदण्ड र नियमन
४. नदी बेसिन योजना र जल उपयोगसम्बन्धी गुरुयोजना र नियमन
५. जलश्रोत,उर्जा, सिंचाइ र भूमिगत जलश्रोतसम्बन्धी अध्ययन,अनुसन्धान र प्रविधि विकास
६. प्रमुख नदीहरुको बहाव क्षेत्र निर्धारण र सो क्षेत्रको जमीनको संरक्षण,व्यवस्थापन र उपयोगसम्बन्धी नीति,कानुन ,मापदण्ड र नियमन
७. जलश्रोतसम्बन्धी वस्तु वा सेवा उपयोगको मापदण्ड र नियमन
८. जलश्रोत,उर्जा र सिंचाइ क्षेत्रसँग सम्बन्धित निकायहरुसँगको समन्वय
९. संघिय र अन्तरप्रदेशस्तरमा सञ्चालन हुने जलश्रोत उपयोगका बहुउदेश्यीय आयोजनाको पहिचान,अध्ययन,निर्माण र नियमन
१०. संघीय र अन्तरप्रादेशिक सिंचाइ र अन्तरप्रदेश जलउत्पन्न प्रकोप नियन्त्रण आयोजनको पहिचान,अध्ययन, निर्माण र नियमन
११. जलश्रोत,उर्जा र सिंचाइसम्बन्धी ठूला पूर्वाधार आयोजनाबाट विस्थापितहरुको पुनर्बास र पुनर्स्थापना
१२. संघीय र अन्तरप्रदेश सिंचाइ प्रणालीको बाँध,जलाशय,अन्य संरचना,मुल नहरको सञ्चालन,मर्मत संभार,व्यवस्थापनसम्बन्धी नीति,मापदण्ड र कार्यान्वयन

१३. प्रदेश सीमा नदीको बाढी र नदी नियन्त्रण कार्यक्रम सञ्चालनमा समन्वय र सहयोग
१४. जलश्रोत,उर्जा र सिंचाइसम्बन्धी तथ्याङक व्यवस्थापन,अध्ययन अनुसन्धान
१५. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत प्रशारण लाइन तथा विस्तार
१६. राष्ट्रिय र अन्तराष्ट्रिय विद्युत व्यापार सम्बन्धी नीति,कानुन,मापदण्ड,सन्धी–सम्झौता कार्यान्वयन र नियमन
१७. राष्ट्रिय महत्वका बहुउदेश्यीय जल आयोजना र अन्तर जलाधार स्थानान्तरण
१८. विद्युत सेवाको मापदण्ड,गुणस्तर र महशुल सम्बन्धी नीति र नियमन
१९. विद्युत सेवाको राष्ट्रिय र क्षेत्रिय भार प्रणाली व्यवस्थापन र सञ्चालन
२०. नवीकरणीय र वैकल्पिक उर्जाको उपयोग,गुणस्तर र मापदण्ड
२१. विद्युत विकासमा लगानी
२२. जल तथा मौसम विज्ञान सेवासम्बन्धी नीति,कानून,मापदण्ड,तथ्याङक,योजना,कार्यान्वयन र नियमन
२३. मौसम तथा बाढी पूर्वानुमान
२४. विपद पूर्व सूचना प्रणालीको विकास तथा सम्प्रेषण
२५. जलवायुसम्बन्धी अध्ययन तथा अनुसन्धान,सूचना आदन प्रदान
२६. जल तथा मौसमी राडार,रेडियोसोन्डे,चट्यान नेटवर्क,सौर्य विकीरण केन्द्रहरुको व्यवस्थापन र सूचना प्रवाह
२७. हिमनदी तथा हिमताल
२८. मन्त्रालयसम्बन्धी राष्ट्रिय अन्तर्राष्ट्रिय संघसंस्थासँग सन्धि,सम्झौता,अभिसन्धि,सम्पर्क र समन्वय
२९. मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान,प्राधिकरण,समिति ,प्रतिष्ठान,कम्पनी आदिको सञ्चालन र नियमन
३०. नेपाल इन्जिनियरिङ्ग सेवाअन्तर्गत देहायका समूह,उपसमूहको सञ्चालन
   क) इलेक्ट्रिकल इन्जिनियरिङ्ग समूह
   ख) मेकानिकल इन्जिनियरिङ्ग समूह
   ग) मेटेरियोलजी समूह
   घ) एगृ इरिगेशनइन्जिनियरिङ्ग समूह
   ङ) सिभिल इन्जिनियरिङ्ग समूहको इरिगेशन,हाइड्रोपावर र हाइड्रोलजी उपसमूह ।

## ३. मन्त्रालयको संगठनात्मक संरचना :

•



## ४.सचिवालय,महाशाखा,जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्बर :

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १ | माननीय उर्जा,जलश्रोत तथा सिंचाइमन्त्री | श्री शक्ति बहादुर बस्नेत | ४२११५१३/५१८ |
| २ | सचिव(उर्जा) | श्री सुशील चन्द्र तिवारी | ४२११५१६ |
| ३ | सचिव (जलस्रोत तथा सिंचाइ) | श्री सरिता दवाडी | ४२११४२६ |
| ४ | प्रशासन महाशाखा | सहसचिव श्री तोयनारायण सुवेदी | ४२०००३३ |
| ५ | कानुन तथा फैसला कार्यान्वयन महाशाखा | सहसचिव श्री कलानिधि पौडेल | ४२०००३१ |
| ६ | कार्यक्रम,बजेट तथा अनुगमन महाशाखा | सहसचिव श्री सुशीलचन्द्र आचार्य | ४२११५०९ |
| ७ | जलश्रोत महाशाखा | सहसचिव श्री शिशिर कोइराला | ४२००१२२ |
| ८ | उर्जा महाशाखा | सहसचिव श्री नबिन राज सिंह | ४२११५३६ |
| ९ | विकास सहायता तथा प्रादेशिक समन्वय महाशाखा | सहसचिव श्री सन्दीप कुमार देव | ४२११५२३ |
| १० | जल,मौसम तथा बातावरण महाशाखा | सहसचिव श्री कमलराम जोशी | ४२११९१२ |

## ५. मन्त्रालय मातहतका विभाग तथा निकायहरु :

(क) ऊर्जातर्फ

- जल तथा उर्जा आयोगको सचिवालय
- विद्युत विकास विभाग
- नेपाल विद्युत प्राधिकरण
- वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र
- विद्युत उत्पादन कम्पनी लिमिटेड
- राष्ट्रिय प्रशारण ग्रिड कम्पनी लिमिटेड
- जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

ख) जलस्रोत तथा सिंचाइतर्फ

- जलश्रोत तथा सिंचाइ विभाग
- जल तथा मौसम विज्ञान विभाग
- भूमिगत जलश्रोत विकास समिति
- जलश्रोत अनुसन्धान तथा विकास केन्द्र

## ६.मन्त्रालय सम्बद्धराष्ट्रिय गौरवका आयोजनाहरु :

(क) ऊर्जातर्फ

- बुढीगण्डकी जलविद्युत कम्पनी लिमिटेड
- पश्चिम सेती जलविद्युत आयोजना

ख) जलस्रोत तथा सिंचाइतर्फ

- सिक्टा सिंचाइ आयोजना
- बबई सिंचाइ आयोजना
- रानीजमरा कुलरिया सिंचाइ आयोजना
- भेरी-बबई डाईभर्सन बहुउदेश्यीय आयोजना
- सुनकोशी- मारिन डाइभर्सन बहुउद्देश्यीय आयोजना
- महाकाली सिंचाई आयोजना

## ७.सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

**क. सेवा प्राप्त गर्न लाग्ने दस्तुर**

१. सूचनाको हक सम्बन्धि नियमावली २०६५ को नियम ४ बमोजिम र

२. अन्य बिशेष कानुनले तोके बमोजिमको दस्तुर

**ख. सेवा प्राप्त गर्न लाग्ने अवधि :**

१. सूचनाको हक सम्बन्धि ऐन २०६४ को दफा ७ ले तोकेको अवधी भित्र र

२. अन्य बिषेश कानुनले अवधी तोकेकोमा सोही बमोजिमको

## ८. निवेदन उजुरी उपर निर्णय गर्ने प्रक्रिया र अधिकारी :

प्राप्त उजुरीहरु सम्बन्धित अधिकारीले हेरी सम्बन्धित महाशाखा र शाखामा आवश्यक कारबाहीको लागि पठाइने र शाखा प्रमुखबाट कारवाही प्रकृया अगाडी बढाईने ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारी :

- **उर्जा तर्फ सचिव** श्री सुशील चन्द्र तिवारी
- **जलश्रोत, सिंचाइ तथा मौसम विज्ञान तर्फ सचिव** श्री सरिता दवाडी

## १०. सूचना अधिकारी प्रबक्ता र प्रमुखको नाम पद

| | |
|---|---|
| प्रमुख | सचिव(ऊर्जा) श्री सुशील चन्द्र तिवारी |
| प्रमुख | सचिव(जलस्रोत तथा सिंचाइ) श्री सरिता दवाडी |
| प्रबक्ता | सहसचिव श्री नबिन राज सिंह |
| सुचना अधिकारी | सि.डि.ई श्री राजु महर्जन |

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची :

- **नेपालको संविधान**
- **ऐनः**

१. विद्युत नियमन आयोग ऐन,२०७४
२. विद्युत चोरी नियन्त्रण ऐन २०५८
३. विद्युत ऐन २०४९
४.जलश्रोत ऐन २०४९
५. नेपाल विद्युत प्राधिकरण ऐन,२०४१

- **नियमावली :**

१. विद्युत नियमन आयोग नियमावली, २०७५
२. सिंचाइ नियमावली, २०५६
३. विद्युत चोरी नियन्त्रण नियमावली, २०५९
४.विद्युत महशुल निर्धारण नियमावली,२०५०
५. विद्युत नियमावली,२०५०
६. जलश्रोत नियमावली,२०५०

- **निर्देशिका :**

१. जनताको जलविद्युत कार्यक्रम(सञ्चालन तथा व्यवस्थापन) कार्यविधि
२. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७५
३. ग्रीड कनेक्टेड वैकल्पिक विद्युत उर्जा विकास सम्बन्धी कार्यविधि,२०७४
४. १ मेगावट सम्मको जलविद्युत आयोजनाको विकास सम्बन्धी निदेशिका,२०७४
५. विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका,२०७४
६. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी (संशोधन) निर्देशिका,२०७३
७. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७३
८. जलविद्युत तथा प्रसारण आयोजनाहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मुल्याङकन सम्बन्धी कार्यविधि,२०७३
९. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका,२०७२

१०. निर्माण सम्पन्न जलविद्युत आयोजनाहरुलाई प्रदान गरिने अनुदान सम्बन्धी कार्यविधि,२०७२

११. राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशक सम्बन्धी अवधारणा पत्र एवं कार्ययोजना,२०७२

१२. सिंचाइ मन्त्रालय र अन्तर्गत विभागहरुको सरुवा/पदस्थापन तथा काज सम्बन्धी मापदण्ड,२०७१

१३.विद्युत आयोजनाको लागि विदेशी विनिमय सुविधा सिफारिस सम्बन्धी निर्देशिका,२०७१

१४. जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०७०

१५. उर्जा मन्त्रालय र अन्तर्गत निकायमा कार्यरत कर्मचारीहरुको आचार संहिता,२०७०

१७. सिंचाइ तथा जलउत्पन्न प्रकोप नियन्त्रणसम्बन्धी निर्माण कार्यहरु उपभोक्ता संस्था मार्फत निर्माण कार्य सञ्चालन गर्ने/गराउने कार्यविधि,२०६९

१८. जलविद्युत आयोजना विकास सम्झौता सम्बन्धी कार्यविधि,२०६९

## १२. सम्पादन गरेका मुख्य मुख्य कामको विवरण :

**आ.व. २०८०/८१ को हालसम्मको प्रगतिः**

**ऊर्जा :**

१। हालसम्ममा ३ हजार १ सय ३९ मेगावाट विद्युत उत्पादन भई राष्ट्रिय प्रणालीमा जडान भएको ।

२। हालसम्म ६६ के.भी. भन्दा माथिका करिव ६ हजार २ सय १२ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भएका छन् ।

३। हालसम्म ३३ के.भी. का करिव ७ हजार ७ सय ५१ सर्किट किलोमिटर प्रसारण लाइन निर्माण भएका छन् ।

४। यस बर्ष विद्युत चुहावट १३.४६% मा रहेको छ।

५। प्रतिव्यक्ति विद्युत खपत ३ सय ५१ किलोवाट घण्टाबाट ३ सय ८० किलोवाट घण्टा पुगेको छ ।

६। हालसम्म राष्ट्रिय विद्युत प्रणालीबाट विद्युतमा पहुँचप्राप्त जनसंख्या ९५.५४% पुगेको।

७। नवीकरणीय ऊर्जा अन्तर्गत हालसम्ममा १०,०४,००० वटा घरेलु सौर्य उर्जा प्रणाली जडान, ३७३ वटा संस्थागत, सामुदायिक र व्यवसायिक वायोग्यास प्लान्ट निर्माण र १,५३,३९० वटा सुधारिएको फलामे चुलो जडान भएका छन ।

८। हालसम्म सौर्य विधुत उत्पादन क्षमता ४८.२३ मेगावाट पुगेको छ । साथै हालसम्म लघु तथा साना जलविद्युत आयोजनावाट ३९.१४ मेगावाट विद्युत उत्पादन भएको छ ।

## जलश्रोत तथा सिंचाई:

### १. भेरी बबई डाइभर्सन आयोजनाः

- हेडवर्क्सको सिभिल निर्माण कार्य ६४ प्रतिशत ,पावरहाउसको सिभिल निर्माण कार्य ३८ प्रतिशत, हाइड्रोमेकानिकल सम्बन्धी कार्य ३८ प्रतिशत, इलेक्ट्रोमेकानिकल सम्बन्धी कार्य ३२ प्रतिशत तथा विद्युत प्रशारण लाईन सम्बन्धी अध्ययन कार्य सम्पन्न ।

### २. रानी जमरा कुलरिया सिचाइ आयोजनाः

- शाखा / उपशाखा / प्रशाखा नहरमा संरचना निर्माणको नयाँ नहरका संरचनाहरुको निर्माण २०२ गोटा सम्पन्न भएको ।
- संरचना निर्माण पथरैया नदीमा ३ वटा पुल निर्माण सम्पन्न गर्नु पर्नेमा ७६ प्रतिशत निर्माण कार्य सम्पन्न ।

### ३. महाकाली सिचाइ आयोजनाः

- जमिन अधिग्रहण कार्य (टनकपुर मूल नहर निर्माण कार्य) जम्मा १२०० हेक्टर मध्ये ९७ हेक्टर जमीन अधिग्रहण भइसकेको र बाँकि मध्ये टनकपुर मूल नहर, डिसिल्टिङ बेसिन जमिन अधिग्रहण गर्ने कार्य सम्पन्न ।
- मूल नहर (संरचना सहित) निर्माण गर्ने कार्य (टनकपुर मूल नहर निर्माण कार्य) ९९ प्रतिशत सम्पन्न ।
- संरचना निर्माण गर्ने कार्य (टनकपुर मूल नहर निर्माण कार्य) ९९ प्रतिशत सम्पन्न ।
- शाखा नहर निर्माण (संरचना सहित) (टनकपुर मूल नहर निर्माण कार्य) ११ कि.मी. सम्पन्न।
- लिफ्ट सिंचाइ प्रणाली निर्माण र सिंचित क्षेत्र तथा संरचना बचावट कार्य (दोधारा चांदनी मूल नहर निर्माण कार्य) ६६ प्रतिशत सम्पन्न ।

४. **सिक्टा सिचाइ आयोजनाः**

- दाया मूल नहर तथा अन्य शाखा प्रशाखा नहर निर्माण गर्ने कार्य (९ कि.मि. )-(पश्चिम तर्फका अन्य शाखा तथा प्रशाखा नहर निर्माण कार्य कुल १५३.१ कि मी मध्ये ३९.६ कि मि सम्पन्न भई बाँकी मध्य ९ कि. मि. को निर्माण कार्य गर्नेमा ४५ कि. मि. सम्पन्न|
- नदि नियन्त्रण कार्य १३ कि.मी. सम्पन्न |

५. **सुनकोशी मरिन बहुउद्देश्यीय आयोजनाः**

- हेडवर्क्स र विद्युतगृह निर्माण कार्य ५ प्रतिशत सम्पन्न
- TBM बाट सुरुङ निर्माण कार्य (१३.३ कि.मि. मध्ये बाँकि १३ कि.मि. निर्माण |

६. **बबई सिंचाइ आयोजना**

- शाखा/उपशाखा/प्रशाखा नहर (संरचना निर्माण समेत)निर्माण कार्य मध्ये ३१७.८ कि.मि.मा ३१२ कि,मि. सम्पन्न |
- मूल नहर निर्माण कार्य गर्ने ---- ९१ कि.मि. मूल नहर निर्माण कार्य तथा रिमोडलिंग मध्ये ८१.०८ कि. मि. निर्माण भैसकेको, बाँकी मध्ये ६०० मि. को निर्माण सम्पन्न |

## जलस्रोत तथा सिंचाइ विभाग

- नविन यान्त्रिक सिंचाइ आयोजनाको निर्माण कार्यको रेखदेख निरिक्षण तथा गुणस्तर नियन्त्रण कार्य PMDSC द्वारा गरिने (२.५%) र डि.वि.ओ. ठेक्का निर्माण कार्य गर्ने (२.५%) सम्पन्न |
- बृहत सरकारी सिंचाई योजनाको पुनर्स्थापना तथा व्यवस्थापन हस्तान्तरण आयोजनाको कोशी पम्प, कमला, नारायणी तथा गण्डक सिंचाइ पुनर्स्थापना कार्य ४१, ६७, ८०,४० प्रतिशत सम्पन्न |
- मर्मत सम्भार आयोजनाको नहर संरचना मर्मत सम्भार कार्य ७० प्रतिशत सम्पन्न |
- झापा भूमिगत जल सिंचाइ आयोजना, झापा (जल संरक्षण आयोजना) सम्बन्धि डिपट्युबवेल निर्माण गर्ने (१४ ) गोटा र संरचना निर्माण (७ गोटा) सम्पन्न |
- प्रगन्ना तथा बड्कापथ सिंचाई आयोजनाको नहर निर्माण कार्य ९ कि.मि. र नहर lining कार्य ७ कि.मि सम्पन्न |

- बृहत दाङ उपत्यका सिंचाइ आयोजना  क्रमागत र नयाँ गरी ८७ ओटा सतह सिंचाई प्रणाली पुनस्थापना कार्य तथा क्रमागत र नया गरी ४४ गोटा जलाशय निर्माण सम्पन|
- समृद्ध तराई मधेश सिंचाई विशेष कार्यक्रमको डिपट्युववेल निर्माण र संरचना निर्माण ६७१ र  ३०७ वटा सम्पन्न |
- तमोर-चिस्याङ डाइभर्सन वहुउदेश्यीय आयोजनाको बिस्तृत सम्भाव्यता अध्ययन कार्य १७ प्रतिशत सम्पन्न |
- एकीकृत उर्जा तथा सिंचाई विशेष कार्यक्रमको त्रिशुली नदी बेसिनका किनारका टार तथा फाँटमा लिफ्टिंग गरि ५  सय हेक्टर कृषियोग्य भूमिमा सिंचाइ सुविधा विस्तार गर्ने कार्य ४० प्रतिशत सम्पन्न |
- सुनसरी मोरंग सिंचाई आयोजनाको कोशी नदीमा स्पर तथा रिभेटमेन्ट निर्माण/मर्मत ८० प्रतिशत सम्पन्न र बुढीखोला एक्वेडक्ट संरक्षण कार्य सम्पन्न |
- भेरी कोरिडोर सिंचाइ विकास आयोजनाको लिफ्ट सिंचाईद्धारा थप ५०० हेक्टर जमिनमा सिंचाई सेवा उपलब्ध गराउने (गत आ. ब. सम्ममा सिंचाई पुगेको १८५० हे.)मा २१५४ हेक्टर सम्पन्न तथा नदी व्यवस्थापन अन्तर्गत जग्गा उकास कार्य ८२ हेक्टर जग्गा उकास  कार्य सम्पन्न |
- पालुङटार- कुण्डुटार सिंचाइ आयोजना इन्टेक निर्माण १ वटा सम्पन्न |

## जल  तथा मौसम विज्ञान विभाग

- स्वचालित जलमापन केन्द्र स्थापना र संचालन १७० वटा सम्पन्न |
- स्वचालित मौसम मापन केन्द्र स्थापना र संचालन २९० वटा सम्पन्न |
- मौसमी राडार स्थापना र सञ्चालन गर्ने (संख्या) ३ वटा सम्पन्न |